## बन्दिपुर गाउँपालिकाको वारिष्टा तालिम संचालनका लागी तयार गरिएको कार्यक्षेत्रगत शर्तहरु

बन्दिपुर गाउँपालिका भित्रका युबाहरुको रोजगार मुलक शीप बिकास गरि युबाहरुलाई ब्यबसाय तर्फ उन्मुख गरि रोजगार सृजना गर्ने उद्देश्यले युबाहरुका लागी १ महिने(१६० घण्टे) बारिष्टा तालिम संचालन गर्नका लागि सेवा प्रदायक छनौट गरि संचालन गर्न देहायका शर्तहरू तयार गरिएको छ ।

### १.पृष्ठभुमीः

गण्डकी प्रदेश तनहुँ जिल्लाको दक्षिण पश्चिम भागमा अबस्थित पहाडकी रानी उपमाले परिचित पर्यटकिय नगरि बन्दिपुर गाउँपालिका प्राकृतिक,भौगलिक,धार्मिक र साँस्कृतिक सम्पदाले सुसज्जित गण्डकी प्रदेसको उत्कृष्ट पर्यटकिय गन्तब्यको रुपमा आफ्नो पहिचान बोकेको छ । पर्यटकिय क्षेत्र भएकै कारण आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी निजि तथा सरकारी तबरबाट होटल ब्यबसायमा करोडौँ लगानी भएको छ ।पर्यटन प्रबर्धनका लागि होटल तथा रेष्टुरेण्टहरुमा यथेष्ट लगानी भएता पनी यस ठाउँमा भौगोलिक तथा बिबिध कारणले स्थानिय दक्ष जनशक्तिको अभाब छ ।बैदेशिक रोजगारको बढ्दो लहरका कारण स्थानिय युबाहरुलाई पालिकामा नै रोक्न तथा आबस्यक सिप तथा दक्षताको अभाबमा राम्रो सुबिधासहित यहाँका होटल तथा रेष्टुराँहरुमा रोजगार दिन नसकिने अबस्था बिधमान छ ।कफि सम्बन्धिको बारिष्टा तालिम गराई स्थानिय होटल तथा रेष्टुराँहरुमा तथा देशका जुनसुकै भुभागमा गएर पनि रोजगारको सम्भाबना रहेको हुँदा बन्दिपुर गाउँपालिकाले १६ बर्षदेखी ४० बर्षसम्मका युबाहरुलाई लक्षित गरि बारिष्टा तालिमको आयोजना गरिएको छ ।

### २.तालिम संचालन गर्नुको लक्षः

पर्यटकिय नगरी बन्दिपुरका युबाहरुको सिप बिकाश गरि रोजगार सृजना गर्ने ।

### ३.तालिमको उद्देश्यहरुः

- १८ बर्षदेखी ४५ बर्षसम्म युबाहरुलाई बारिष्टा तालिम संचालन गरि सिप बिकास गरि कफि बनाउन सक्नेछ ।
- पालिकाका अधिकतम ४० जना युबालाई तालिम प्रदान गरि दक्ष बनाईनेछ ।
- तालिम पश्चात प्राप्त शीप तथा प्रमाणपत्रले स्थानिय युबाहरुका लागी रोजगार सृजना हुनेछ ।

### ४.तालिमको लागी लक्षित क्षेत्रहरु

१.बन्दिपुर गाउँपालिकाका ६ वटा वडामा रहेका १८ देखी ४० बर्षका पालिकाले छनौट युबाहरु ।

२.यसअघि आधारभुत बारिष्टा तालिम नलिएका युबाहरु ।

३.बिशेष गरी हाल होटल तथा रेष्टुरेण्ट ब्यबसाय संचालन गरिरहेका तर गुणस्तरिय कफि सम्बन्धि सेवा दिन नसकेका स्थानिय युबाहरु ।

**५.तालिम संचालन बिधिः**

तालिम संचालनको लागि स्विकृत लागत अनुमानको आधारमा परामर्शदाताले आफ्नो प्रस्तावमा पेश गर्नुपर्नेछ ।

**६.तालिम संचालन प्रकृयाः**

१.गाउँपालिकाले कार्यगत शर्त र लागत अनुमान स्विकृत गर्नेछ ।

२.सार्बजनिक खरिद ऐन २०६३ र बन्दिपुर गाँउपालिका सार्बजनिक नियमावली २०७८ मा उल्लेखित प्राबधानको परिधिभित्र रहि सुचीकृत परामर्श सेवालाई प्रस्ताबहरु माग गरिनेछ र प्राप्त प्रस्ताबहरुबाट मुल्याङ्कन तथा छनोट समितिले उपयुक्त परामर्शदाता संस्था छनौट गरिनेछ ।

३.छनौट भएको परामर्शदाता / संस्थासंग कार्यक्षेत्रगत शर्त बमोजिम सम्झौता गरिनेछ ।

**७.तालिम संचालनका शर्तहरुः**

१.प्रशिक्षकको लागी CTEVT को सिप परिक्षण उत्तिर्ण भै तह-१ पुरा गरेको वा मान्यताप्राप्त तालिम प्रदायक संस्थामा प्रशिक्षकको रुपमा कम्तिमा २ बर्ष काम गरेको अनुभब भएको हुनुपर्नेछ ।

२.तालिम जम्मा २७ दिन प्रतिदिन न्युनतम ६ घण्टाको दरले जम्मा १६० घण्टा संचालन गर्नुपर्नेछ ।

३.तालिमको समुह बिभाजन,तालिम सामग्री,मेशीनरी औजार एबम् आबस्यक जनशक्तिको ब्यबस्थापन तथा सहभागीलाई खाजा समेत सेवा प्रदाएक परामर्शदाता संस्थाले नै गर्नुपर्नेछ ।

**८. तालिम प्रतिबेदनका पक्षहरुः**

१.तालिम सम्पन्न पश्चात सम्पन्न प्रतिबेदन पेश गर्नुपर्नेछ ।

२.स्थानिय तहका प्रतिनिधिहरु द्वारा नियमित अनुगमन गर्नु/गराउनुपर्नेछ ।

३.तालिम अबधिमा कम्तिमा २ पटक अनुगमन हुनुपर्नेछ ।

**९. रकम भुक्तानी पक्षहरुः**

१.सम्झौता अनुसार तयार गरी कार्यक्षेत्रगत शर्त पुरा गरेपछी भुक्तानीको योग्य हुनेछ ।

२.सम्झौता अनुसार तालिम सम्पन्न भएपछि तालिमको प्रतिबेदन,सक्कली बिल भरपाई,कर बिजक,तालिमका फोटोहरु सहभागी उपस्थिति तथा अनुगमन मुल्याङ्कन प्रतिबेदन लग बुक समेत भुक्तानीको निबेदन पश्चात मात्र भुक्तानीको लागी योग्य हुनेछ ।

**१०.परामर्शदाताको छनौटको योग्यताको आधारः**

परामर्शदाताको छनौटको योग्यताको आधार देहायबमोजिमको हुनेछ ।

१.संस्था नियमित दर्ता,नबिकरण तथा अद्दाबधिक भएको हुनुपर्नेछ ।

२.नियमित लेखापरीक्षण तथा कर चुक्ता भएको हुनुपर्नेछ ।

**११.प्रस्ताबकहरुको छनौट तथा मुल्याङ्कन बिधिः**

सुचना प्रकाशन वा सुचिकृत सेवा प्रदायकलाई पत्र प्रेशित पश्चात रितपुर्बक पेश हुन आएका प्रस्ताबहरुलाई सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ मा उल्लेख भएका प्राबधानको आधारमा रहि मुल्याङ्कन गरिनेछ । मुल्याङकनमा सबैभन्दा कम दररेटमा गुणस्तरिय सेवा दिने प्रस्ताबदातालाई यस कार्यका लागी छनौट गरिनेछ ।

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत